अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७७।०८।२४ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

मालपोत कार्यालय दैलेखमा कार्यरत खरिदार भुवन केशर खनाल र लेखापढी व्यवसायी धन बहादुर बुढासमेतले जग्गा नामसारी गर्दा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतबाट खटिई गएको टोलीले निज भुवन केशर खनाल र धन बहादुर बुढासमेतलाई सेवाग्राहीबाट रु. ५,०००।– (पाँच हजार) घुस/रिसवत वापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो ।

अनुसन्धानको सिलसिलामा मालपोत कार्यालय, दैलेखको मुद्दा शाखामा कार्यरत खरिदार भुवन केशर खनालले जग्गा नामसारी गराउने सिलसिलामा रु.५,०००।-(पाँच हजार) घुस/रिसवत माग गरी लेखापढी व्यवसायी धन बहादुर बुढालाई लिन लगाएको र निज धन बहादुर बुढाले भुवन केशर खनालको निमित्त सेवाग्राहीबाट उक्त घुस/रिसवतवापतको रकम लिएको अवस्थामा बरामद भएको हुँदा निज खरिदार भुवन केशर खनालको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरजन्य कार्य पुष्टि भएकोले निजलाई रु.५,०००।- (पाँच हजार) रकम बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन र लेखापढी व्यवसायी धन बहादुर बुढाले खरिदार भुवन केशर खनालको निमित्त सेवाग्राहीबाट रु.५,०००।- (पाँच हजार) घुस/रिसवतवापतको रकम लिएको हुँदा निज धन बहादुर बुढाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरजन्य कार्य भएकोले बिगो रकम रु.५,०००।- (पाँच हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी